Email: akcdadeldhura@gmail.com
फोन नं. ०९६–४१०१७९
Website – https://dadeldhura.akc.gov.np/

सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र
डडेल्धुरा
२०७५

प.सं. २०८०/०८१
सूचना नं. २

मिति – २०८०/०५/१५

## कृषि ज्ञान केन्द्र, डडेल्धुरा द्वारा सञ्चालन गरिने प्रदेश स्तरिय कृषि कार्यक्रममा सहभागी हुने बारे को सूचना।
**(प्रथम पटक प्रकाशित मिति: २०८०/०५/१५ )**

कृषि ज्ञान केन्द्र, डडेल्धुराको आ.व २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिलमा उल्लेखित कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने भएकोले उक्त अनुदान कार्यक्रममा सहभागी हुन ईच्छुक कृषक / कृषि फर्म/कृषक समूह/ सहकारी/कम्पनीहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन (मिति २०८०/०५/२९ गते) कार्यालय समय भित्र, सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन ( पहिलो संशोधन ) नियमावली, २०८० को अनुसूची-५ ( नियम १४ को उपनियम (३) सँग सम्बन्धित ) अनुसार निर्दिष्ट आवेदन फारम भरी तपशिलमा उल्लेखित कागजातहरु संलग्न राखी कृषि ज्ञान केन्द्र, डडेल्धुरा वा सम्बन्धित नगरपालीका/ गाउँपालीकाको कृषि विकास शाखामा निवेदन साथ नगद बुझाएको नगदी रसिदको पहिलो प्रति (रातो प्रति) पेश गर्न हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

### संचालन गरिने कार्यक्रमहरुको विवरण :-

| क.स. | कार्यक्रमको / क्रियाकलाप | कार्यक्रम संचालन हुने स्थान | न्यूनतम मापदण्ड | कार्यक्रम संचालन प्रक्रिया |
|---|---|---|---|---|
| १ | जिल्ला स्थित बिभिन्न लाईन एजेन्सीहरुको सहकार्यमा कम्तिमा १००० रोपनी क्षेत्रफलमा लसुन तथा प्याजको क्षेत्र विस्तार कार्यक्रम | अमरगढी न.पा - ९.१०,११ | कृषक / कृषि फर्म बाट माग गर्दा कम्तिमा ५ रोपनी तथा समूह/सहकारी बाट माग गर्दा प्रति सदस्य कम्तिमा ५ रोपनीमा खेती गर्ने प्रतिवद्दता सहितको निर्णय। | कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्दन नियमावली (पहिलो संसोधन) २०८० बमोजिम |
| २ | मौरी पालन कार्यक्रम (व्यवसायिक मौरी विकास आयोजना) | आलिताल गा.पा- १,२,३ | कम्तिमा १० वटा आधुनिक मौरीघारमा मौरी पालन गर्नु पर्ने। | कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्दन नियमावली (पहिलो संसोधन) २०८० बमोजिम |
| ३ | मसला उत्पादन कार्यक्रम (मसला बाली बिकास आयोजना) | नबदुर्गा गा.पा- २,३,४ | कृषक / कृषि फर्म बाट माग गर्दा कम्तिमा ५ रोपनी तथा समूह/सहकारी बाट माग गर्दा प्रति सदस्य कम्तिमा ५ रोपनीमा खेती गर्ने प्रतिवद्दता सहितको निर्णय। | कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्दन नियमावली (पहिलो संसोधन) २०८० बमोजिम |

...........................
रामचन्द्र भट्ट
(कार्यालय प्रमुख)

निमित्त कार्यालय प्रमुख
कृषि प्रसार अधिकृत
अधिकृत आठौं

Email: akcdadeldhura@gmail.com
फोन नं. ०९६–४१०१७९
Website – https://dadeldhura.akc.gov.np/

सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
**डडेल्धुरा**
२०७५

प.सं. २०८०/०८१
सूचना नं. २

मिति – २०८०/०५/१५

**आवेदन साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु :-**

१. रु १० को टिकट टाँस गरिएको सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन (पहिलो संशोधन ) नियमावली, २०८० को अनुसूची-५ ( नियम १४ को उपनियम (३) सँग सम्बन्धित ) अनुसारको निर्दिष्ट प्रस्तावना फारम ।
२. समूह / सहकारी/कम्पनीको हकमा निवेदन पेश गर्ने निर्णयको प्रतिलिपि ।
३. व्यक्तिगत कृषकको हकमा नागरिकता / कृषि फर्मको हकमा फर्म दर्ता प्रमाण / PAN दर्ता प्रमाण/ करचुक्ता प्रमाण , समुह र सहकारीको हकमा दर्ता / नबिकरण / करचुक्ता प्रमाण प्रमाणको प्रतिलिपि/लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि ।
४. समूह/सहकारी/फर्म संचालक पदाकारी/सदस्यहरुको नागरिकताको प्रतिलिपि |
५. सम्बन्धित वडा/ गा.पा./ न.पा. को सिफारिस पत्र |
६. कृषक/कृषक समूह/कृषि सहकारी/कृषि फर्म/कम्पनीहरुले कार्यक्रममा सहभागी हुन चाहने सदस्यहरुको लालपुर्जाको प्रतिलिपि | ( मौरी पालन कार्यक्रम बाहेकका कार्यक्रमहरुको लागि )
७. गत २ आ.व. सम्म कुनै पनि कार्यक्रममा समावेश नभएका कृषक/कृषक समूह/कृषि सहकारी/कृषि फर्म/कम्पनीलाई प्राथमिकता दिइनेछ |

**नोट:** आवेदन पेश गर्दा अनुदानग्राहीले **सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन (पहिलो संशोधन ) नियमावली, २०८० को परिच्छेद-७, नियम १४ को उपनियम** ४ बमोजिम १ लाख सम्म अनुदान माग गरेका कार्यक्रमका लागि निशुल्क, १ देखि ५ लाख सम्म अनुदान माग गरेका कार्यक्रमका लागि रु ३०० र ५ लाख भन्दा बढी अनुदान माग गरेका कार्यक्रमका लागि रु १००० निवेदन दस्तुर बुझाएको नगदी रसिद पेश गर्नु पर्नेछ ।

.......................
रामचन्द्र भट्ट
(कार्यालय प्रमुख)
निमित्त कार्यालय प्रमुख
कृषि प्रसार अधिकृत
अधिकृत आठौं